Our Ref: 39/060-69

मितिः २०७१ जेठ १९ गते

माननीय डा. बाबुराम भट्टराईज्यू,
सभापती, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सचिवालय
संविधानसभा, सिंहदरवार, काठमाडौं

*विषयः धारणा पेश गरिएको बारे।*

माननीय डा. बाबुराम भट्टराईज्यू,

त्यस सम्मानीत समितिको तर्फबाट सार्वजनिक रूपमा आव्हान गरिएको सूचना अनुसार बन्न लागेको संविधानमा असल शासन फाउण्डेसन (GoGo Foundation) को तर्फबाट पनि संस्थागत धारणा पेसगर्ने हेतुले यो पत्र लेखिएको छ।

यहांलाई विदितै छ, नेपाली जनताहरू लामो द्वन्द्वपश्चात बन्न लागेको नयाँ संविधान आउने दिन गन्ति गरेर बसेकाछन्। विगतको असफलता र तिक्ततालाई चिरेर यसपटकको संविधानसभाले आगामी २०७१ माघ ८ गतेभित्र आमसहमतिको दस्तावेजको रूपमा लोकतन्त्रलाई संस्थागत सुनिश्चिततासहित संविधान निर्माण गरेर देशको मूल कानुन जनताका सामू पेश गर्नेछ भन्ने भरोसाका साथ GoGo Foundation को तर्फबाट निम्नानुसार संस्थागत धारणा पेश गरिएको छ :

***बन्न लागेको संविधान -***

१) नागरिकका *"अहरणीय"* अधिकार सुनिश्चित गर्ने समय सापेक्षित *"पूर्ण लोकतान्त्रीक"* संविधान बनोस्।

२) बर्तमान संविधानसभामा सहभागी सम्पूर्ण दलहरूको *"सहमतीको संविधान"* हुन सकोस्।

३) वहुजाती, धर्म, लिङ्ग, वर्ग तथा क्षेत्रले आत्मसात गर्नसक्ने *"गौरवको संविधान"* बन्न सकोस्।

४) महाभारत, रामायण, मुन्धुम, त्रिपिटक, कुरान तथा बाइवलका अनुयायीहरूले समेत सहर्ष स्वामित्व लिनसक्ने *"धर्म निरपेक्षता"* सहितको संविधान बनोस्।

५) केन्द्रदेखि समाजको तल्लो तहसम्मका हरेक नागरिकले संविधानको दस्तावेजलाई सगौरव *"नेपालीलाई जोडने दस्तावेज"* को रूपमा ग्रहण गर्नसक्ने संविधान बनोस्।

६) भ्रष्टाचार, अनियमितता तथा शक्तिको दुरूपयोग गर्ने सार्वजनिक पदाधिकारी विरूद्ध सशक्त कारवाही गर्नसक्ने स्थायी प्रकृतिको *"संस्थागत संवैधानिक संरचना"*को व्यवस्था होस्।

७) सरकारी निकायबाट गुणस्तरीय सार्वजकि सेवा पाउनु आमनागरिकको अधिकार भएकाले सो सुनिश्चित गर्न संवैधानिक हैसियत सहितको *"संघीय सार्वजनिक सेवाअधिकार आयोग"* (Federal Right to Public Service Commission) *"गठनको व्यवस्था"* सुनिश्चित गरियोस्।

८) गरिव, विपन्न तथा असहायका लागि राज्यको तर्फबाट *"न्यूनतम् जीविकोपार्जन"*को सुनिश्चितता सहितको संविधान बनोस्।

९) युवालाई सैनिक तालिम होइन *"अनिवार्य रोजगारमूलक व्यावसायिक तालिम"*को व्यवस्थाको सुनिश्चित गरियोस्।

.../...

PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org

१०) संघीयताको बाँडफाँड गर्दा सकेसम्म *"भौगोलिक आधार"* सम्भव नभएमा मात्रै *"बहुपहिचान"*लाई आधार मानेर संविधान बनोस् ।

११) संविधान जारी हुने दिनलाई *"ऐतिहासिक गौरवको दिन"* बनाउन संविधान जारी हुने दिन र समय सुनिश्चित गरेर मुलुकभरका सम्पूर्ण नागरिकले एकैपटक "शिक्षितले *वाचन गर्ने र अशिक्षितले वाचन सुन्ने"* वातावरणको सुनिश्चित गरियोस् ।

अन्तमा, *GoGo Foundation* को तर्फबाट पेस गरिएका उपरोक्त धारणालाई नयाँ संविधानमा प्रतिविम्वित गर्न यहाँको तर्फबाट पहल र पैरवी होस् भन्ने अनुरोध गर्दछु ।

आउनुहोस्, समयमै लोकतान्त्रिक संविधान निर्माण गर्न सँगै मिलेर काम गरौं !

केदार खडका
अध्यक्ष
गोगो फाउण्डेसन
फोन: ९८५१०७६२२२५

***बोधार्थ:***

सम्माननीय सुवास नेम्वाङज्यु,
अध्यक्ष, संविधानसभा, सिंहदरवार, काठमाडौं